सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक

साउन २०८३ – कार्तिक २०८३

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाली महावाणिज्यदूतावास, कोलकाता

२०८३ मंसीर

१. संक्षिप्त परिचय

कोलकातास्थित नेपाली महावाणिज्यदूतावास नेपालको ऐतिहासिक कूटनीतिक विरासत बोकेको एक महत्वपूर्ण नियोग हो, जसले पश्चिम बंगाल क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिक तथा विदेशीहरूलाई राहदानी वितरण, कागजात प्रमाणीकरण र अध्ययन वा पेसाका लागि आवश्यक पर्ने नो अब्जेक्सन सर्टिफिकेट (NOC) जस्ता अत्यावश्यक कन्सुलर सेवाहरू प्रवाह गर्दै आएको छ। यसका साथै यस क्षेत्रमा समस्या वा अलपत्र परेका नेपालीहरूको उद्धार र स्वदेश फिर्तीका लागि प्रभावकारी समन्वयकारी भूमिका निर्वाह गर्दै यसले प्रवासमा रहेका नागरिकहरूको हित संरक्षणमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ।

यसैगरी नियोगले नेपालको वैदेशिक व्यापार र पारवहनका दृष्टिले रणनीतिक महत्व राख्ने विशेषगरी कोलकाता बन्दरगाहबाट हुने नेपालको करिब दुई तिहाइ आयातलाई व्यवस्थित एवं सहजीकरण गर्दै आएको छ। रासायनिक मल तथा नेपाल राष्ट्र बैंकद्वारा मुद्रित नोटजस्ता संवेदनशील सामग्रीहरूको ढुवानी व्यवस्थापन, व्यापारिक प्रयोजनका लागि NOC जारी गर्ने र भारतीय सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय गरी ढुवानीका अवरोधहरू हटाउने कार्य पूर्ण जिम्मेवारीका साथ सम्पादन गर्दै आएको छ। यसरी दुई देशबीचको आर्थिक, सामाजिक, सांस्कृतिक र कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउँदै नेपालको व्यापारिक हित प्रवर्द्धनमा यो नियोग एक गतिशील सेतुको रूपमा क्रियाशील छ।

२. कार्यक्षेत्र

नियोगको कार्यक्षेत्र पश्चिम बंगाल राज्यभर रहेको छ।


३. काम कर्तव्य र अधिकार

- ई-पासपोर्ट सेवा।
- भिषा सेवा।
- कागजात प्रमाणीकरण सेवा।
- वारेसनामा।
- एनओसी पत्र।
- उद्धार, राहत र स्वदेश फिर्ता।
- आर्थिक कूटनीति।

- व्यापार सहजीकरण।

४. संगठन संरचना

यस नियोगको संगठन संरचना देहायबमोजिम रहेको छः



५. नियोगका प्रमुख शाखा/ जिम्मेवार पदाधिकारी र सम्पर्क विवरणः

सि न	पद	नामथर	शाखा	सम्पर्क नम्बर
१	महावाणिज्यदूत	श्री झक्कप्रसाद आचार्य		+91 33 2456 1224
२	उप महावाणिज्यदूत	श्री दीपेश लेखक	व्यापार	+91 33 2456 1224 (Extn. 202)
३	वाणिज्यदूत	श्री टिकाराम उपाध्याय	प्रशासन-कन्सुलर	+91 33 2456 1224 (Extn. 203)
४	वाणिज्यदूत	श्री रोशन राई	व्यापार	+91 33 2456 1224 (Extn. 207)
५	उप वाणिज्यदूत	श्री सुवासचन्द्र वास्तोला	लेखा	+91 33 2456 1224 (Extn. 204)
६	उप वाणिज्यदूत	श्री सुरेश राज रेग्मी	कन्सुलर	+91 33 2456 1224 (Extn. 205)

६. नागरिक वडापत्र

क्र.सं.	सेवाहरू	चाहिने कागजातहरू	सेवा शुल्क (भा.रू.)		लाग्ने समय	सम्पर्क व्यक्ति	गुनासो सुन्ने अधिकारी	कैफियत
१	नयाँ राहदानी बनाउने	• रितपूर्वक भरिएको अनलाइन फारम। • नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)। • राजश्व भुक्तानी रसिद।	३४ पाने	८,०००/-	सोही दिन	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि।
			६६ पाने	१६,०००/-				
			१० वर्ष मुनिका नावालकहरुका हकमा	४,०००/-				
२	राहदानी नवीकरण	• रितपूर्वक भरिएको अनलाइन फारम। • नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)। • पुरानो राहदानी सक्कल • राजश्व भुक्तानी रसिद।	३४ पाने	८,०००/-	सोही दिन	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि।
			६६ पाने	१६,०००/-				
३	हराएका, विग्रिएका, जलेका वा केरमेट भएका	• रितपूर्वक भरिएको अनलाइन फारम। • नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय	३४ पाने	१६,०००/-	सोही दिन	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	राहदानी वितरण राहदानी विभागबाट
			६६ पाने	३२,०००/-				

	राहदानी नवीकरण	परिचयपत्र (सक्कल र प्रतिलिपि)। • पुरानो राहदानी छाँया प्रति। • राजश्व भुक्तानी रसिद।						प्राप्त भएपछि।
४	एकातर्फि यात्रा अनुमतिपत्र	• रितपूर्वक भरिएको आवेदन फारम। • नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानीको (सक्कल र प्रतिलिपि)। • दुई प्रति फोटो • राजश्व भुक्तानी रसिद।	५० अमेरिकी डलर बराबर हुने भारतीय रूपैया		३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	उद्धार र स्वदेश फिर्तीका लागि यात्रा कागजात निःशुल्क।
५	पर्यटन प्रवेशाज्ञा	• रितपूर्वक भरिएको अनलाइन फारम। • राहदानी सक्कल र छाँयाप्रति। • राजश्व भुक्तानी रसिद। • कन्सुलर अफिसरले आवश्यक ठानेको अन्य कागजात।	१५ दिन अवधिको	३०००/	३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	सार्क राष्ट्रका नागरिकह रूलाई प्रत्येक वर्ष एक पटकका लागि निःशुल्क।
			३० दिन अवधिको	५०००/				
			९० दिन अवधिको	१२,५००/				

६	कूटनीतिक/अफिसीयल भिसाः	• कूटनीतिक नोट वा आधिकारिक पत्र। • रितपूर्वक भरिएको अनलाइन फारमको प्रति। • पासपोर्ट सक्कल तथा प्रतिलिपि।	निःशुल्क			३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	
७	अधिकृत वारेसनामा	• रितपूर्वक भरिएको आवेदन फारम। • नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)। • योग्य कानूनी व्यवसायीद्वारा तयार पारिएको अधिकृत वारेसनामा दुई प्रति। • राजश्व भुक्तानी रसिद।	अचल सम्पत्तिको हक हस्तान्तरण	तीन पुस्तासम्म	३१२.५०	३ घण्टाभित्र	श्री सरेशराज रेग्मी, उप वाणिज्यदूत	श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत	
				तीन पुस्ता वाहेकमा	३१२५/-				
			अचल सम्पति वाहेकका वारे		३१२.५०				
८	सहि तथा छाप प्रमाणीकरण	• आवेदन फारम। • नेपाल सरकारको कन्सुलर सेवा विभाग वा भारतको विदेश मन्त्रालयको क्षेत्रिय सचिवालय,	महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) सँग सम्बन्धित		४०००/-	३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	
			महत्वपूण घटना						

		कोलकाताद्वारा प्रमाणीकरण गरिएको कागजातको सक्कल र छाँयाप्रति • राजश्व भुक्तानी रसिद।	शैक्षिक प्रमाणपत्रहरू	५००/-				
९	विवाहका लागि NOC	• आवेदन फारम। • नेपालको कन्सुलर सेवा विभागद्वारा प्रमाणीकरण गरिएको अविवाहित प्रमाणपत्रको सक्कल र छाँयाप्रति • राजश्व भुक्तानी रसिद।		४०००/-	३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	
१०	जो जससँग सम्बन्धित पत्र वा सिफारिस	• रितपूर्वक भरिएको आवेदन फारम। • नेपाली राहदानी वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)। • राजश्व भुक्तानी रसिद।		४०००/-	३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	
			शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित सिफारिसहरू	५००/-				
११	अंग प्रत्यरोपण का लागि सिफारिस	• रितपूर्वकको आवेदन • नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा जारी सिफारिस पत्र।		निःशुल्क	३ घण्टाभित्र	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत	

		• अंगदाता (Donor) र प्राप्तकर्ता (Receiver) दुबैको नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी (सक्कल र प्रतिलिपि)। • अंगदाता र प्राप्तकर्ताको फोटो टाँस गरिएको सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट जारी नाता प्रमाणित प्रमाणपत्र। • नेपाल सरकारको स्वास्थ्य मन्त्रालयद्वारा जारी No Objection Letter। • दाताद्वारा प्रदान गरिएको "स्वीकृति पत्र" (Consent Letter)। • दाताको परिवारदले दिएको"स्वीकृति पत्र" (Consent Letter), जसमा उनीहरूलाई कुनै आपत्ति नभएको स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ।					
१२	बिरामी, असहाय व्यक्ति, र दिवंगत नेपाली नागरिकको सहायताको लागि भारत सरकारका सम्बन्धित निकायहरूलाई गरिने पत्राचार/ सिफारिस	• विश्वासिलो कारणसहितको निवेदन	निःशुल्क	एक घण्टाभित्र	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत	
१३	भारत सरकारका सम्बन्धित निकायहरूलाई उद्धार, मानवीय सहायता, तथा आपत्कालीन दुर्घटनासम्बन्धी पत्राचार/सिफारिस	• विश्वासिलो कारणसहितको निवेदन	निःशुल्क	एक घण्टाभित्र	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत	

१४	कोलकाता भन्सारमा र्फत नेपालमा सामान आयात गर्न आवश्यक NOC	• आयातकर्ता/सीएचए (Customs House Agent) को घोषणा पत्र। • नेपाल सरकारको वाणिज्य तथा आपूर्ति विभागबाट जारी NOC प्रमाणपत्र। • बिल अफ लाडिङ (Bill of Lading)। • व्यावसायिक बीजक (Commercial Invoice)। • प्याकिङ सूची (Packing List)। • उत्पत्तिको प्रमाणपत्र (Certificate of Goods Origin)। • नेपाल सरकारको आयात इजाजतपत्र (Import License) को प्रतिलिपि। • शुल्क छुटका लागि नेपाल सरकारको कन्सुलर सेवा विभागबाट जारी NOC।		निःशुल्क	कार्यालय समयभित्र	श्री रोशन राई, वाणिज्यदूत	श्री दीपेश लेखक, उपमहावाणिज्यदूत	
१५	अन्य पत्राचार वा सिफारिस हरू	• महावाणिज्यदूतावास कार्यालयमा उपलब्ध आवेदन फारम पूरा भरिएको।	शुल्क नेपाली राजदूतावास नयाँ दिल्लीले तोकेबमोजिम हुने		३ घण्टाभित्र	श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत	श्री टिकाराम उपाध्याय, वाणिज्यदूत	

७. ऐन/ नियमावली/ कार्यविधि/ निर्देशिका/ कार्यविधि:

ऐन:

- राहदानी ऐन, २०७६
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधित्वको सुविधा तथा उन्मुक्ति ऐन, २०२७
- गैर आवाशीय नेपाली सम्बन्धी ऐन, २०६४

नियमावली

- राहदानी नियमावली, २०७७
- नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरु, २०६८
- अवैतनिक नेपाली दुतावास सम्बन्धी नियमावली, २०३९
- कुटनीतिक आचारसंहिता,२०६८

निर्देशिका

- राहदानी निर्देशिका,२०६७
- आर्थिक कूटनीतिक सम्बन्धी कार्यक्रम निर्देशिका,२०७१
- विदेशस्थित कुटनीतिक नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७२
- परराष्ट्र मन्त्रालय र अन्तरगतका विभाग कार्यालय तथा विदेशस्थित कुटनीतिक नियोगहरुको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०७२
- राजदूत नियुक्ति सम्बन्धी निर्देशिका,२०७५
- नेपाली महावाणिज्यदूतावास, कोलकाताका स्थानीय कर्मचारीहरुको आचारसंहिता सम्बन्धी व्यवस्था, २०८२

कार्यविधि

- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि,२०७३
- विदेशस्थित नेपाली नियोग आर्थिक कार्यविधि,२०७९

८. **निर्णय गर्ने प्रक्रिया र निर्णय उपर उजुरी सुन्ने अधिकारी**

महावाणिज्यदूत: श्री झक्कप्रसाद आचार्य

९. आ व २०८२/८३ को कुल बजेट तथा खर्च र राजस्वको स्थितिः

- बजेट तथा खर्चको स्थितिः

सि.नं.	बजेट शीर्षक	वार्षिक बजेट रु.	कार्तिक महिनासम्मको			कैफियत
			निकासा रु.	खर्च रु.	निकासा-खर्च मध्येको बाँकी बजेट रु.	
१	चालू खर्च	4,65,02,628.00	2,93,25,285.00	1,36,91,177.42	1,56,34,107.58	
२	पूँजीगत	50,67,000.00	50,67,000.00	6,92,378.10	43,74,621.90	

- आ. व. २०८३/८४ को कार्तिक मसान्तसम्ममा कन्सुलर सेवा प्रवाह तथा राजस्वको संकलनको स्थितिः

आर्थिक वर्षः २०८३/८४ (२०२६-०७-१७ - २०२६-११-२०)

मुद्राः INR

क्र.सं.	सङ्केत	विवरण	गत अवधिको		यस अवधिको		जम्मा	
			संख्या	रकम	संख्या	रकम	संख्या	रकम
१	NF02	VAT/Tax Refund	०	०.००	१	४१३,३५६.००	१	४१३,३५६.००
२	C10	To Whom It May Concern	०	०.००	६	१२,०००.००	६	१२,०००.००
३	VT15	ETA 15 days (Without Sticker)	०	०.००	८	२३,५००.००	८	२३,५००.००
४	P06	Normal Passport Issue/Renew other than (P01)	०	०.००	३	२३,०००.००	३	२३,०००.००
५	C23	Flight Approval Letter	०	०.००	१६	१६,०००.००	१६	१६,०००.००
६	C24	Attestation/translation of Vital Registration certificate(Birth/Death/Marriage/Divorce/ etc.)/Driving License	०	०.००	११	४२,५००.००	११	४२,५००.००
७	C27	Attestation of Certificates for Study purpose	०	०.००	२	१,०००.००	२	१,०००.००
८	VT30	ETA 30 days (Without Sticker)	०	०.००	१	४,५००.००	१	४,५००.००
९	VT90	ETA 90 days (Without Sticker)	०	०.००	१	१०,५००.००	१	१०,५००.००
		जम्मा	०	०.००	४९	५४६,३५६.००	४९	५४६,३५६.००

१०. गुनासो व्यवस्थापनः

यस अवधिमा प्राप्त गुनासो	फर्छ्यौट	बाँकि
छैन।		

११. नियोगबाट सम्पादित प्रमुख कार्यहरु:

यस महावाणिज्यदूतावासबाट २०८३ सालको साउनदेखि २०८३ सालको कार्तिक महिनासम्ममा सम्पादित प्रमुख क्रियाकलापहरु देहाय अनुसार रहेका छन्।

(क) प्रमुख आर्थिक, व्यापारिक, औद्योगिक, सांस्कृतिक, प्राज्ञिक, वैज्ञानिक तथा वित्तीय सम्बन्धी घटनाक्रम:

- महावाणिज्यदूतावासको निरन्तर कूटनीतिक पहलस्वरूप वि.सं. २०८३ श्रावण १ गतेका दिन कोलकता पोर्टबाट विराटनगर भन्सार यार्डसम्म कार्गो रेल सेवाको औपचारिक शुभारम्भ भई विराटनगरस्थित एक उद्योगका लागि आवश्यक कच्चा पदार्थ बोकेका ४० वटा कन्टेनरसहितको प्रथम मालवाहक रेल गन्तव्यतर्फ प्रस्थान गरेको छ। उक्त कार्गो रेल सेवाको शुभारम्भ कोलकातास्थित नेपाली महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्य, कोलकाता भन्सार, कोलकाता पोर्ट तथा भारतीय कन्टेनर निगम लिमिटेड (CONCOR) का उच्च अधिकारीहरूद्वारा संयुक्त रूपमा हरियो झण्डा देखाएर गरिएको थियो। यस अवधिमा ५ पटक मालवाहक रेलबाट औद्योगिक कच्चा पदार्थ लगायतका मालसामानहरुको ढुवानी भएको छ।
- श्यामाप्रसाद मुखर्जी पोर्ट (कोलकाता) मा आइपुगेका नेपाली कन्टेनराइज्ड कार्गोहरू नेपाल-भारत पारवहन सन्धिको प्रावधान विपरीत चेकजाँच हुन लागेको भन्दै सहजीकरणका लागि नेपाल कार्गो ह्यान्डलिङ एजेन्ट एसोसिएसनबाट निवेदनबमोजिम महावाणिज्यदूतावासबाट नेपाल भारत सन्धिबमोजिम बिना चेकजाँच पारवहन सहज गराउन ३१ जुलाई २०२६ मा कोलकाता भन्सारलाई पत्राचार गरिएको थियो। सो सम्बन्धमा आवश्यक सोधपुछ गर्दा कोलकाता भन्सारबाट प्राविधिक कारण जनाई ती कन्टेनरहरूलाई चेकजाँच नगरी नियमित प्रक्रियाबमोजिम मालसामान आपूर्ति व्यवस्था मिलाइएको छ।
- नेपाल-भारतबीच सम्पन्न हुने Inter-Governmental Sub Committee (IGSC) को आगामी बैठकको सन्दर्भमा नेपालको तर्फबाट पारवहन, आयात-निर्यात, तथा द्विपक्षीय कनेक्टिभिटी अभिवृद्धिका विषयमा छलफलका एजेन्डामा समावेश गर्नुपर्ने प्रमुख सुझावहरू तयार गरी परराष्ट्र मन्त्रालयमार्फत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको थियो।
- श्यामाप्रसाद मुखर्जी पोर्टका ट्राफिक म्यानेजर र यस नियोगका नायव महावाणिज्यदूतसहितको नियमित बैठक सम्पन्न भएको छ। बैठकमा तेस्रो मुलुकसँगको व्यापार एवं पारवहनका क्रममा

देखापरेका समसामयिक विषयमा द्विपक्षीय छलफल, बैठकका क्रममा कोलकाता र हल्दिया पोर्टमार्फत हुने नेपालतर्फको रासायनिक मलको आपूर्तिलाई उच्च प्राथमिकतामा राखी ढुवानी सहजीकरणका लागि विशेष अनुरोध गरिएको थियो। सो सम्बन्धमा पोर्टका अधिकारीहरूले नेपाली कार्गोको सहज पारवहन तथा पोर्ट ह्यान्डलिंग कार्यमा पूर्ण सहजीकरण गर्ने प्रतिबद्धता जनाउँदै देखिएका समस्या समाधानमा सकारात्मक धारणा व्यक्त गर्नुभयो।

- कोलकातास्थित श्यामाप्रसाद मुखर्जी पोर्टमा नेपालका लागि आयात गरिएको रासायनिक मलको भण्डारण, प्याकेजिङ, ढुवानी तथा रेल र्याक व्यवस्थापन लगायतका कार्यहरूमा यस महावाणिज्यदूतावासबाट प्रत्यक्ष अनुगमन एवं आवश्यक समन्वयात्मक भूमिका निर्वाह भइरहेको। यस अवधिमा यहाँस्थित श्यामप्रसाद मुखर्जी पोर्टबाट २,१७,००० मेट्रक टन मल नेपाल ढुवानी भएको छ।
- भारतको राजधानी नयाँ दिल्लीमा मिति २०२६ सेप्टेम्वर १६-१७ आयोजना भएको नेपाल-भारत अन्तर-सरकारी उपसमिति (IGSC) को बैठकमा नियोगकोतर्फबाट महावाणिज्यदूत तथा उपमहावाणिज्यदूत (वाणिज्य) को सहभागिता रहेको थियो।
- आगामी डिसेम्बर २०२६ मा विराटनगरमा आयोजना हुने 'विराट एक्स्पो' (Virat Expo) मा सहभागीता तथा प्रवर्द्धनका लागि पश्चिम बंगालमा क्रियाशील निजी क्षेत्रका छाता संगठनहरूलाई सन् २०२६ सेप्टेम्बर ८ मा पत्रमार्फत औपचारिक अनुरोध गरिएको छ।

- प्रतितपत्र (L/C) बिना तेस्रो मुलुकबाट नेपालमा आयात हुने मालसामानको हकमा यस नियोगबाट जारी हुने नो अब्जेक्शन लेटर (NOC) को निवेदन अनलाइनमार्फत लिई पत्र तयार गर्ने नयाँ प्रविधिमैत्री प्रणाली विकास गरी त्यसको प्रभावकारी प्रयोगका लागि गत सेप्टेम्बर २९, २०२६ मा भर्चअल बैठक सम्पन्न भयो। तत्पश्चात कस्टम हाउस एजेन्ट संघ लगायतका सरोकारवालाहरूलाई पत्रमार्फत औपचारिक जानकारी गराइएअनुरूप अक्टोबर १, २०२६ देखि उक्त प्रणाली अनिवार्य तथा पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ। यसबाट नियोगको सेवाप्रवाहमा उल्लेख्य सुधार आउने, सेवाग्राहीका अभिलेख व्यवस्थित हुने र तथ्यांक प्रशोधनमा सहजता हुनेछ।

- श्यामाप्रसाद मुखर्जी पोर्ट कोलकाता र यस नियोगबीच व्यापार तथा पारवहनका विषयमा नियमित मासिक बैठक सम्पन्न भई समसामयिक विषयहरूमा विस्तृत छलफल गरिएको छ।

- भारतीय पोर्ट हुदै पाकिस्तानमा निर्यात हुने नेपाली मालवस्तु निर्यातमा रोक लगाइएको शिकायत प्राप्त भएपछि कोलकाता भन्सारमा पत्राचार गरि सो विषयमा भन्सारमा लिखित अनुरोध गरिएको थियो। सो को प्राप्त प्रतिउत्तरको जानकारी परराष्ट्र मन्त्रालय तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा समेत जानकारी गराइएको छ।

(ख)द्विपक्षीय भेटघाट र बैठक सम्बन्धमा

- पश्चिम बंगाल सरकारका नवनियुक्त गृहराज्यमन्त्री (Hill and Home Affairs) श्री विशाल लामाज्यूसँग महावाणिज्यदूतसहित नियोगका पदाधिकारीहरूको शिष्टाचार भेटघाट सम्पन्न गरिएको। उक्त बैठकका क्रममा भारतका विभिन्न स्थानमा समस्यामा परेका नेपाली नागरिकहरूको उद्धार कार्यलाई थप सहज, द्रुत र प्रभावकारी बनाउने लगायत द्विपक्षीय हित र सहकार्यका अन्य विविध विषयमा छलफल भएको छ।
- Consular Corps of Kolkata को नियमित बैठकहरुमा नियोगको सहभागिता रहेको छ।
- भारतको ८०औं स्वतन्त्रता दिवसका अवसरमा आयोजित विभिन्न औपचारिक कार्यक्रमहरूमा नियोग प्रमुख तथा अन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो। उक्त क्रममा पश्चिम बंगालका मुख्यमन्त्री, राज्यपाल (गभर्नर), कोलकाता भन्सार तथा International Humanitarian Assistance Foundation द्वारा छुट्टाछुट्टै आयोजना गरिएका कार्यक्रमहरूमा नियोगको सहभागिता रहेको थियो।
- महावाणिज्यदूतसँग नवनियुक्त बङ्गलादेशी डेपुटी हाइकमिसनरले नियोगमा शिष्टाचार भेट गरी दुई देशबीचको व्यापारिक तथा पारवहन लगायतका विषयमा दुवै नियोगहरुवीचमा आवश्यक सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल भएको छ।

- इटलीको लागि कोलकाता कन्सुलेटको महावाणिज्यदूतको जिम्मेवारीमा आउनु भएका Giuliano Fragnito सँग द्विपक्षीय भेटघाट सम्पन्न भएको छ। उक्त भेटघाटका क्रममा दुई देशबीचको राष्ट्रिय हित अभिवृद्धि गर्ने विषयका साथै नेपाली विद्यार्थी लगायत अन्य नेपाली नागरिकहरूका लागि भिसा कागजात प्रमाणीकरणलगायतका सेवाहरूमा सहजीकरण गर्ने विषयमा सकारात्मक छलफल भएको छ।

- पश्चिम बंगाल सरकार, महिला तथा बाल विकास एवं समाज कल्याण मन्त्रालयअन्तर्गत गठित 'Task Force for Rescue, Recovery, Repatriation and Reintegration (RRRI) of Victims of Trafficking and Cross Border Movement' को बैठकमा नियोगको हुदै आएको छ। बैठकमा सेल्टर होममा बालबालिकाको उद्धार भएपश्चात पनि कन्सुलेटलाई समयमा जानकारी नदिई ढिलोगरी मात्र जानकारी गराउने विषय, अदालतको फैसला भईसकेको लामो समय भएपनि पीडित आइषा जिरेल (Alisha Jiral) ले हालसम्म क्षतिपूर्ति नपाएको विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ।

- यस नियोगको आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रम कार्ययोजना तयार गरी तोकिएको समयभित्र परराष्ट्र मन्त्रालयमा पठाएको छ।

(ग) सुशासन तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु:

- सूचनाको हक सम्बन्धी ऐनबमोजिम आ.व. २०८२/८३ को तेस्रो चौमासिकको स्वतः प्रकाशन (Self-disclosure) का साथै सोही अवधिको "Everest Voice" नामक बुलेटिन प्रकाशन गरिएको छ।
- नयाँ प्रणालीमार्फत ई-एमआरपी (EMRP) राहदानी नवीकरण सेवा सञ्चालनका लागि विभागद्वारा तोकेको Specification बमोजिम डेस्कटप कम्प्युटर लगायतका आवश्यक उपकरणहरूको व्यवस्थापन गरी विभागको प्राविधिक समन्वयमा नयाँ प्रणाली (System Installation) सफलतापूर्वक जडान गरी सेवा प्रवाह शुरु गरिएको छ।

- इटालीको काठमाडौंस्थित Honorary Consulate बाट जन्म दर्ता प्रमाणपत्र सम्बन्धमा देखिएको द्विविधा निरुपणका लागि नेपालको घटना दर्तासम्बन्धी कानूनी व्यवस्था (सन् १९७६ अघि जन्म मिति प्रमाणीकरण पत्र र सन् १९७६ पश्चात् जारी हुने जन्म दर्ता प्रमाणपत्र दुवै नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक दस्तावेज रहेको) प्रस्ट पार्दै इटालीको कोलकातास्थित महावाणिज्यदूतावासमार्फत दुवै किसिमका कागजात स्वीकारका लागि सहजीकरण गरिदिन अनुरोधसहित इटालियन कन्सुलेटलाई नोट भर्बल पठाइएको छ। साथै, यस विषयमा नियोग र इटली कन्सुलेट बिच द्विपक्षिय बैठकहरु भएका छन।
- शुभ विजया दशमी तथा शुभ दीपावली-२०८३ मा भएको सार्वजानिक विदामा समेत अत्यावश्क कन्सुलर सेवा प्रदान गर्ने गरी व्यवस्था मिलाइएको थियो।
- पश्चिम बंगाल सरकारको *Directorate of Child Rights & Trafficking* को सहजीकरण तथा यस महावाणिज्यदूतावासको पहलमा पश्चिम बंगालका विभिन्न संरक्षण गृह तथा स्थानहरूबाट उद्धार गरिएका १६ जना नेपाली बालबालिकालाई आवश्यक कानुनी एवं प्रशासनिक प्रक्रिया पूरा गरी सुरक्षित रूपमा आ-आफ्ना अभिभावकको जिम्मा लगाइएको छ।
- भारतको कोलकातामा असामयिक निधन भएका दुई जना नेपाली नागरिकको पार्थिव शरीरको अन्तिम संस्कार तथा हस्तान्तरण प्रक्रियालाई सहज बनाउन सम्बन्धित परिवारजनको निवेदनका आधारमा यस महावाणिज्यदूतावासबाट आवश्यक No Objection Certificate (NOC) जारी गरी सहजीकरण गरिएको छ।

(१) आयात/निर्यात तथा पारवहन सहजीकरणसम्बन्धी कार्यहरू:

क्र. सं.	सेवाको विवरण	संख्या
१	Letter of Credit (LC) विना तेस्रो मुलुकबाट आयात भएका मालवस्तुहरु कोलकाता पोर्ट हुँदै नेपाल पठाउँदा महावाणिज्यदूतावासबाट जारी गरेको अनुमति पत्र (NOC) संख्या	३३७९
२	तेस्रो मुलुकबाट Letter of Credit (LC) मार्फत आयात गर्ने मालवस्तुहरूको नेपाल नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण कोलकाता भन्सार पठाइएको संख्या	८०
३	नेपाल राष्ट्र बैंकको नोट आयातको लागि दूतावासले जारी गरेको पत्र संख्या	३४७३

(घ) नेपालीको हक हित रक्षा तथा प्रवासी नेपालीलाई राष्ट्रको विकासमा परिचालन गर्ने सम्बन्धी:

- प्रवासी नेपालीहरूको सङ्गठन झारखण्ड-पश्चिम बङ्गाल समिति र नेपाली जनकल्याण समिति कोलकाताद्वारा छुट्टाछुट्टै रूपमा आयोजना गरिएका २१३औं भानु जयन्ती विशेष कार्यक्रमहरूमा नियोग प्रमुखसहित अन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो।
- महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११८औं जन्मजयन्ती तथा संघ भारत, पश्चिम बंगाल-झारखण्ड संयुक्त राज्य समिति र सिर्जना जनसांस्कृतिक परिवारको संयुक्त आयोजनामा सम्पन्न देउसी-भैलो कार्यक्रममा नियोगको सहभागिता रहेको थियो।
- शुभ विजया दशमी, शुभ दीपावली, नेपाल संवत् २०८३ तथा पावन छठ पर्वको मंगलमय अवसरमा मिति २०८३ कार्तिक २२ गते कोलकातास्थित नेपाली समुदायसँग सम्बद्ध विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूलाई नियोगमा आमन्त्रण गरी शुभकामना आदान-प्रदान तथा प्रवासी नेपालीहरूका समसामयिक समस्या र नियोगबाट गर्न सकिने आवश्यक सहजीकरणका विषयमा विस्तृत छलफल कार्यक्रम सम्पन्न गरियो। सोही सन्दर्भमा भारतको निजी क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरूको निवृत्तिभरण (पेन्सन) नेपालमै भुक्तानी हुने व्यवस्था मिलाइदिने तथा दक्षिण एसियालाई गैरआवासीय नेपाली संघ (NRN) को दायरामा समेट्ने विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी प्रवासी नेपाली संघ भारतका तर्फबाट प्राप्त ज्ञापनपत्र आवश्यक कारबाहीका लागि पठाइएको ।

(ङ) अन्य सान्दर्भिक विषयहरु

- १० भाद्र २०८३ (२० अगस्त २०२६) नेपालको रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी तथा पहिरोपश्चात् पश्चिम बङ्गाललगायत भारतका विभिन्न स्थानबाट नेपाल भ्रमणमा रहेका भारतीय तीर्थयात्री तथा पर्यटकहरू प्रभावित भएको सन्दर्भमा प्रभावितहरूको अवस्थाबारे विवरण अद्यावधिक गर्न, सूचना आदानप्रदान गर्न तथा नेपाल सरकारबाट प्राप्त अद्यावधिक विवरण विदेश मन्त्रालयको शाखा सचिवालयमार्फत पश्चिम बङ्गाल सरकारको मुख्यमन्त्री कार्यालय लगायतका सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सम्पर्क कायम गरी सत्य तथ्य जानकारी उपलब्ध गराउने कार्य भएको थियो। साथै, बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्ने परराष्ट्र मन्त्रालयको निर्णयानुसार मिति २०८३ भाद्र १५ देखि १८ गतेसम्म महावाणिज्यदूतावासमा भौतिक तथा अनलाइन माध्यमबाट शोक पुस्तिका एवं समवेदना सन्देशको व्यवस्था मिलाइएको थियो। शोक पुस्तिकामा पश्चिम बङ्गाल सरकारको तर्फबाट अर्थ मन्त्री, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत निकायका प्रतिनिधि र विभिन्न प्रतिष्ठित व्यक्तित्वहरूले उपस्थित भई समवेदना व्यक्त गर्दै शोक पुस्तिकामा हस्ताक्षर गर्नुभएको थियो।
- भोटेकोशी बाढी तथा पहिरोबाट प्रभावितहरूको राहत, उद्धार र पुनःस्थापनाका लागि एकद्वार प्रणालीमार्फत आर्थिक सहयोग परिचालन गर्ने नीतिअनुरूप प्रारम्भमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा नेपाली राजदूतावास, नयाँदिल्लीबाट सञ्चालित विविध खातामा कन्सुलेटको समन्वयमा करिब अठारलाख अठ्ठाइस हजार भारतिय रुपैया जम्मा योगदानकर्ताहरुलाई धन्यवाद ज्ञापन पत्र समेत प्रदान गरिएको छ।

- मिति २४-२७ सेप्टेम्बर २०२६ सम्म भारतको कोलकातामा आयोजना भएको Association of Community Ophthalmologists of India (ACOIN) को २५ औँ वार्षिकोत्सव कार्यक्रममा नेपालका पूर्वराष्ट्रपति डा. रामवरण यादवको विशिष्ट अतिथिका रूपमा सहभागिता रहदाँ नियोगकोतर्फबाट उपयुक्त शिष्टाचार सहित आवश्यक समन्वय तथा सहजीकरणका गरिएको थियो।

- यस नियोगको बेरुजु फछ्यौंटका लागि बेरुजुसम्बन्धी चौमासिक कार्ययोजना तयार गरी मन्त्रालयमा पठाइएको छ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३/०३/३२ मा स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसार यस महावाणिज्यदूतावासमा कायम रहेको नेपाल प्रशासन सेवा, राजस्व समूह, रा.प. द्वितीय श्रेणी, नायब महावाणिज्यदूत दरवन्दि कटौती भएको र परराष्ट्र मन्त्रालयको

मिति २०८३/०६/०५ को पत्रानुसार यस महावाणिज्यदूतावासमा कार्यरत उल्लेखित नायब महावाणिज्यदूत पदमा कार्यरत श्री गगन बहादुर वि.के. तोकिएको समयमा नेपाल फिर्ता हुनु भएको छ।

१२. सूचना अधिकारी र प्रमुखको नाम र सम्पर्क नम्बर

- कार्यालय प्रमुखः श्री झक्कप्रसाद आचार्य, सम्पर्क नम्वरः +९१३३२४५६१२२४
- सूचना अधिकारीः श्री टिकाराम उपाध्याय, सम्पर्क नम्वरः +९१-९१४७१८८०६४

१३. वेब साइडको विवरणः

नेपाली महावाणिज्यदूतावास कोलकाताः ccu.nepalcosulate.gov.np